'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १४६ | मंगलबार ०८ माघ, २०८१ | 21 (Tuesday) January 2025 | पृष्ठ ४, | मूल्य रु : १०।-

### सरकारको सक्रियता कति लाजलाग्दो

## भदौमा भत्किएको पुलको तटबन्ध माघमा बल्ल अनुगमन गर्दै मन्त्री

■ नमस्ते समचारदाता

कञ्चनपुर, माघ/०७





गत भदौमा आएको बाढीले भत्काएको कञ्चनपुरस्थित निर्माणाधीन महाकाली पुलको तटबन्ध अहिलेसम्म पुनर्निर्माण भइसक्नुपर्ने हो । तर, चार महिनापछि माघको पहिलो हप्ता बल्ल संघीय सरकारका गृहमन्त्री रमेश लेखक र भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल दलबल सहित अनुगमनमा पुगेका छन् । कञ्चनपुरको महाकाली नदीमा भत्किएको तटबन्ध अनुगमन गर्न गएका गृहमन्त्री लेखक र भौतिक पूर्वाधारमन्त्री दाहाल आश्वासन मात्र दिएर फर्के, तत्काल पुनर्निर्माण नभए पुनः ठूलो विपत्तीको जोखिम यथावत रहेको स्थानीयहरु बताउँछन् । महाकाली नदीमा ४ लाख ६१ हजार क्युसेक पानीको बहावले तीन सय मिटर तटबन्ध भत्काएपछि भुजेला खोला महाकालीमा ठोक्किएर गाउँ पसेपछि भीमदत्त नगरपालिकाका वडा नम्बर ११, १२ र १३ का दर्जनौं गाउँबस्ती डुबानमा परे । त्यसपछि स्थानीयले असोजदेखि नै भत्किएको तटबन्ध छिटो पुनर्निर्माणको माग गर्दै आएका थिए । महाकाली पुल आयोजना प्रमुख इन्जिनियर विवशबाबु सदादेवले भेरिएसन स्वीकृत नहुँदा काम अघि बढ्न नसकेको मन्त्री र जनप्रतिनिधिलाई जानकारी गराएको बताए । उनले योजना कार्यालयबाट भेरिएसन स्वीकृतिका लागि फाइल पठाए पनि मन्त्रालयमा थन्किएकाले कामकाज अघि बढ्न नसकेको बताए । स्थानीयले समयमै भत्किएको तटबन्ध पुनर्निर्माण र भुजेला खोला नियन्त्रण नभए आफूहरू यस वर्ष पनि जोखिममा पर्ने तर्फ मन्त्रीद्वय दाहाल र लेखकको ध्यानाकर्षण गराएका छन् । 'यो तटबन्ध भत्किएको चार महिनाभन्दा बढी भइसक्यो, तर वास्ता पनि गरेनौं । वर्षाका वेला सिंगै महाकाली भुजेला खोलामा उल्टिन्छ,' स्थानीय अगुवा कृष्णसिंह देउवाले भने, 'सिंगो नदी गाउँ पस्दा विपत्मा पर्छौं, यो भुजेला खोलाको निकास नभए यस वर्ष पनि विपत्मा पर्ने अवस्था छ ।' भीमदत्त नगरपालिका-११ का वडाध्यक्ष प्रकाश थापाले भुजेला खोलाको मुहानैदेखि निकास अपरिहार्य रहेको बताए । उनले भुजेला खोला महाकाली नदीकै समानान्तर हिसाबले बगाउनुपर्ने बताए । त्यस्तै वडा नम्बर १३ अध्यक्ष रामबहादुर बोहराले अनुगमनका नाममा अनुगमन नभई काम गर्नुपर्ने बताए । उनले भौतिक पूर्वाधारमन्त्री दाहाललाई शीघ्र तटबन्ध निर्माणदेखि भुजेला खोला निकास र गृहमन्त्री लेखकलाई चौकी निर्माणका लागि निवेदन दिएका छन् । पूर्व मुख्यमन्त्री राजेन्द्रसिंह रावलले भौतिकमन्त्री दाहालसमक्ष समयमै तटबन्ध पुनर्निर्माण नभए पहुँचमार्गमा समेत क्षति पुग्ने र अहिले सम्मको उपलब्धि गुम्ने ध्यानाकर्षण गराउँदै बाँकी काम समयमै सक्न अनुरोध गरे । भौतिक पूर्वाधारमन्त्री दाहालले अध्ययन गरेर मन्त्रालयले भत्किएको तटबन्ध पूननिर्माणको काम अघि बढाउने आश्वासन दिएका छन् ।

## हुलाकी सडकको काम छिट्टै पूरा हुन्छ : मन्त्री दाहाल

■ नमस्ते समचारदाता

बाँके, माघ/०७



संघीय सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले निर्माणाधिन हुलाकी राजमार्गको कामलाई छिटोभन्दा छिटो सम्पन्न गर्न सरकार लागिपरेको बताएका छन् । सोमबार नेपालगञ्ज-गुलरिया सडक खण्ड अन्तर्गत बाँकेको खजुरा गाउँपालिका वडा नम्बर ३ स्थित पेडारी नालामा जीर्ण पुलको स्थलगत निरीक्षण गर्दै मन्त्री दाहालले योजनाको काममा ढिलासुस्ती नहोस भन्नेमा सरकार गम्भीर रहेको आश्वासन दिए । निरीक्षणका क्रममा मन्त्री दाहालले पेडारी नालाको पुलका लागि अर्थ मन्त्रालयबाट बजेट सुनिश्चित भइसकेकाले केही दिनमा टेण्डर आह्वान भई काम सुरु हुने जानकारी गराए । मन्त्री दाहालले भने, 'हुलाकी सडक अन्तर्गत खजुराको पेडारी नालासहित अन्य आवश्यक स्थानमा पुल निर्माणका लागि केही दिनमा टेण्डर आह्वान हुन्छ ।' मन्त्री दाहाललाई सो अवसरमा खजुरा गाउँपालिका अध्यक्ष डम्बर विक, नेकपा एमालेका प्रदेश कमिटीका सदस्य किस्मत कुमार कक्षपति लगायतले ५२ वर्ष पुरानो जीर्ण पुल जुनसुकै बेलामा पनि भत्किने जोखिम भएकाले छिटो नयाँ पुल बनाउन माग गरे । यसैगरी, सडक डिभिजन कार्यालय अन्तर्गत खजुरामा १ हजार ८ सय मिटर लम्बाईको चारलेन सडकको काम ७ वर्षसम्म पनि पूर्णता हुन नसकेको भन्दै कानुनी अड्चन फुकाएर छिटो काम हुने वातावरण बनाई दिन खजुरावासीका तर्फबाट मन्त्री दाहालको ध्यानाकर्षण गराएको गाउँपालिका अध्यक्ष विकले बताए । हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय नेपालगञ्जका प्रमुख लिला बहादुर भण्डारीले नेपालगञ्जमा मन्त्रालयको आयोजनामा आयोजित कार्यक्रममा सहभागी हुन आएका मन्त्री दाहालसहित मन्त्रालयको टोली खजुरा पुगेर स्थलगत निरीक्षण गरेको जानकारी दिए । भण्डारीले पेडारी नालामा करिब रु १४ करोडको लागतमा २२ मिटर चौडाई र ३३ मिटर लम्बाईको पुल निर्माण हुने जानकारी दिए ।

## भिजिबिलिटी नपुग्दा नेपालगन्ज विमानस्थलबाट उडान ठप्प

■ नमस्ते समचारदाता

नेपालगन्ज, माघ/०७




बाक्लो हुस्सु र शीतलहरका कारण भिजिबिलिटी अत्यन्त कम हुँदा सोमबार बिहानै देखि नेपालगन्ज विमानस्थल बन्द जस्तै रहेको र कुनै पनि उडान हुन नसकेको नागरिक उययन कार्यालय नेपालगन्जले जनाएको छ । सोमबार बिहानैबाट चलेको शीतलहर तथा हुस्सु कुहिरोका कारण ५०० देखि ७०० मिटर मात्र भिजिबिलिटी हुँदा नेपालगन्जबाट सोमबार २:२० बजे दिउँसोसम्म कुनै पनि उडान नभएको नागरिक उययन कार्यालय नेपालगन्जका प्रमुख सुम्मत प्रसाद चौधरीले जानकारी गराएका हुन । उनले हवाई उडानका लागि आवश्यक पर्ने भिजिबिलिटी नहुँदा सोमबार बिहानैदेखि नेपालगञ्ज विमानस्थलबाट सबै उडान ठप्प रहेको बताए । नेपालगञ्ज बिमानस्थलबाट बिहान पहाडी जिल्लाहरुमा बढी हवाई उडान हुने गरेका छन् भने सङ्घीय राजधानी काठमाडौंमा पनि उडानहरु हुने गरेका छन् । नेपालगन्ज विमानस्थलको टावरले दिएको जानकारी अनुसार जहाज उडाउन १ हजार मिटर भिजिबिलिटी हुनुपर्ने र जहाज उतार्नका लागि १ हजार ६ सय भिजिबिलिटी हुनुपर्नेमा सोमबार ७ सय भन्दा बढी भिजिबिलिटी नभएकाले हालसम्म कुनै पनि उडान हुन सकेन । नेपालगन्जबाट काठमाडौंका लागि श्री एयरलाइन्सले चार, बुद्ध एयरलाइन्सले चार र यति एयरलाइन्सले दुईवटा नियमित उडान गर्दै आएको थियो । सोही प्रकारले नेपालगन्जबाट पहाडी जिल्लाहरुमा पनि बिहान बढी उडान हुने गरेको थियो । नेपालगन्ज विमानस्थलबाट हवाई उडान अवरुद्ध हुँदा काठमाडौं र पहाडी जिल्लामा यात्रा गर्न जाने यात्रुहरु विमानस्थल खुले प्रतिक्षामा विमानस्थलमा बसिरहेको जनाइएको छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
महावै गाउँपालिका
कालिकोट

'गाउँ गाउँमा सूचना र सञ्चारको लागी हाम्रो अभियान' www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक



**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## एक दिन त सत्य मुखबाट ओकलिहाल्यो

पुस ३ गते कांग्रेस सभापति शेरबहादुर देउवालाई साक्षी राखेर प्रधानमन्त्री केपी ओलीले आफूहरुको गठबन्धन बन्नुको तीतो सत्य बोले, 'प्रचण्डले र रवीवाला सरकारले ललिता निवास, नक्कली भुटानी शरणार्थी प्रकरण लगायत अन्य विषयको नयाँ शिराबाट छानबिन सुरु गर्न लागेकाले दुबै दललाई अप्ठ्यारो पर्ने कारण नै नयाँ गठबन्धनको आधार बनेको हो।' काँग्रेस सभापती देउवा मौन बसेर सुनिरहे र मनमनै भने, 'बढी बोल्नेले आफूलाई सिध्याउँछ, कम बोल्नेले अरूलाई।' प्रधानमन्त्री निकै व्यस्त छन्। पहिलो कार्यकालका वाचाहरूको छायाँबाट मुक्त हुन सकेका छैनन्। अध्यादेश मार्फत प्रमुख पार्टी बन्ने योजना असफल भयो। सत्ता साझेदार कांग्रेसको ठूलो दबाब छ। मूल एजेण्डामा सहमति नजुट्दा आन्तरिक र बाह्य विरोधको सामना गर्नुपरिरहेको छ। अशोक राई र माधव नेपालसँग डिभोर्स गर्न चाहनेहरू खुट्टा उचालेर दौडन बेचैन त छन् तर साइत अझै जुर्न पाएको छैन। एमालेलाई सदनमा ठूलो पार्टी बन्न दिएर आफ्नै खुट्टामा बञ्चरो हान्न कांग्रेस तयार छैन। एउटै न्यायिक विषयमा दोहोरो मापदण्ड अपनाउनु, अन्धभक्तका अपराधको संरक्षण गर्नु, ईर्ष्या र अहंकारलाई जगेर्ना गर्नु, बदला भावले पार्टी चलाउनु, शक्तिशालीसामु लत्रिनु र कमजोरमाथि आक्रामक बन्नु, अदालती अभियुक्तसँग जिन्सीमा हाकाहाकी घुस लिएको विरोध गर्नेलाई पार्टीबाट निष्कासन वा निलम्बन गर्नु, आश र त्रासमा संगठनमाथि नियन्त्रण गर्नु, आलोचना, विरोध र प्रतिक्रियाको प्रतिरोधमा संगठनलाई परिचालन गर्नु, शक्तिमा पुगेपछि 'जे पनि गर्न सकिन्छ, हुन्छ' भन्ने भाष्य तयार गर्नु भनेको आन्तरिक लोकतन्त्र ध्वस्त गर्नु हो। एउटै विषयमा फरक व्यक्तिहरूका लागि अलग–अलग मापदण्ड लागू गरिँदा न्यायिक प्रणालीमाथि नै प्रश्न उठ्छ। समान परिस्थितिमा कुनै व्यक्तिलाई दण्ड दिइन्छ, तर अर्को व्यक्तिलाई उन्मुक्ति दिइन्छ भने यसले राज्यसत्ताको अन्यायपूर्ण चरित्र झल्काउँछ। यसले विश्वास गुम्छ, अनुशासन खल्बलिन्छ, र परिणामस्वरूप नेतृत्वको नैतिक शक्ति कमजोर हुन्छ। नेतृत्वको नैतिकता र छवि कमजोर भएपछि प्रतिशोध राजनीतिक हतियार बन्न पुग्छ। वर्तमान सत्ताले यस्तै झझल्को देखाइरहेको छ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरु संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरुले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट



बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट


तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# स्वार्थ सच्याउने कि संविधान ?



डा. अतीन्द्र दाहाल




पछिल्लो आमनिर्वाचन निर्मित १८ महिनाको उष्ण अस्थिरतापछि देशमा ६ महिनादेखि सशक्त अनि बलियो सरकार छ । प्रमुख दुई दलले झन्डै दुईतिहाइ मतको सरकार बनाएका छन् । सबल राष्ट्र निर्माण र आमनागरिकको हितमा आकर्षित लोककल्याणकारी राज्य निर्माणमा सघन प्रयास लगाउने अपेक्षा छ । अलिक अप्रत्याशित हिसाबले मोडिएको राजनीतिक परिस्थितिको औचित्य स्थापना गर्न समृद्धि र विकासको रफ्तारसँगै संविधान संशोधनको समेत अभ्यास गर्ने भनिएको थियो । केही दिनपहिले प्रधानमन्त्रीले संविधान संशोधनको प्रस्तावित मिति २०८७ भनेपछि राजनीतिक तलाउमा नयाँ विचारहरू तरंगित भएका छन् । यसै अभिव्यक्तिलाई आधार बनाई सरकारको आयुसमेत विश्लेषण गर्नेहरूको लाइन बाक्लै छ । अकाट्य दस्तावेज नभएको र सहमतिको सार भएका कारण आवश्यकता अनि सहमतिअनुसार संविधानमा संशोधन हुन सक्छ । अमेरिकामा सन् १७८९ देखि लागू भएको संविधानमा २७ संशोधन भए । छिमेकी देश भारतमा ४४८ धारा रहेको संसारकै लामो लिखित संविधानमाथि पछिल्लो ७३ वर्षमा एक सय ५ संशोधन भए । आजसम्म भेनेजुएलामा २६, हाइटीमा २३, इक्वेडरमा २०, बोलिभियामा १७, अल सल्भाडोरमा १६ र कोलम्बियामा १२ पटक नयाँ संविधान लेखिएका र अनेकौं पटक संशोधन भएका देखिन्छन् । हाम्रोमा समेत स्थायित्व अनि समृद्धि लक्षित गरी संविधान संशोधन गरिने भनेर खबरहरू सम्प्रेषण भएका थिए । अपेक्षित संशोधनको सबालमा सबैका आफ्ना/आफ्ना समान वा पृथक् सरोकार हुन सक्छन् । साल २०८७ मा मात्र संविधान संशोधन भन्ने प्रधानमन्त्रीको नयाँ प्रस्तावले अन्योलता मात्रै होइन, सही आवश्यकताको सघन अन्तर्य पनि झल्काएको हुन सक्छ । सबै व्यवस्थाका केही गुण/अवगुण होलान् । यहाँ चाहिँ नीतिभन्दा एकअर्काको विरोध गर्ने नाममा देखिएका पूर्वाग्रही तथा अराजक राजनीतिक नियतको कारण समस्या बढ्दैछ । राजीवरञ्जन शरणको पुस्तक 'बिहेबियरलिजम एन्ड पोलिटिकल थ्यौरी'मा दलहरूको नियत राम्रो भए कुनै पनि नीति देशको प्रगतिमा बाधक नभएको अनुपम यथार्थ दर्शाइएको छ । अहिलेको निर्वाचन प्रणालीबाट कसैको स्पष्ट बहुमत नआएकै कारण निरन्तर सरकार बन्ने र भत्किने अस्थिरतालाई दोष दिएर संविधानको हुर्मत लिन खोज्नेहरूको संख्यासमेत सानो छैन । तर बिना स्पष्ट बहुमत तालमेलकै सरकारलाई भारतमा स्व.मनमोहन सिंहले सफलतापूर्वक १० वर्षसम्म अविरल नेतृत्व दिई अर्थतन्त्रको बलियो जग बसाएर बिदा लिएको १० वर्षभन्दा अलिकति बढीमात्रै भएको छ। जर्मनीमा एन्जेला मार्केलले तालमेल र मेलमिलापकै आधारमा लामो समय नेतृत्व गरेको नजिर छ । संसारकै कान्छी कार्यकारीका रूपमा फिनल्यान्डमा निवर्तमान प्रधानमन्त्री सन्ना मरिनले सफलतापूर्वक तालमेलकै सरकारलाई नेतृत्व दिएको बारेमा विश्व राजनीति ज्ञात छ । अस्थिरता प्रणालीले होइन, प्रपञ्चले निर्माण गर्ने हो । त्रिशंकु संसद् हुनेबित्तिकै सरकार बदलिरहनु पर्ने बाध्यता हुँदैन, हाम्रोमा विलासी अभ्यास स्थापित भएको मात्र हो । यद्यपि दलहरूले विज्ञता केन्द्रित राजनीतिको नयाँ अभ्यास 'मेरिटोक्रेटिक मेघा लन्च' शिरोपर गरेमा यही प्रणालीबाट पनि स्पष्ट बहुमत सम्भव हुन्छ । पुँजीवादी शासन नाम दिइएका थुप्रै देशहरूमा सर्वसाधारणका लागि निःशुल्क सरकारी सार्वजनिक यातायातको व्यवस्था छ । सरकारले सहरका मुख्य ठाउँमा संकलन केन्द्र राखेर उच्च घरानियाबाट लत्ता कपडा र खाद्यवस्तु दान गर्न लगाउँछ अनि गरिबहरूलाई वितरण गर्छ । पुँजीवादकै उच्च स्वरूप भनेर व्याख्या गरिने अधिकांश युरोपियन देशहरूमा शिक्षा तथा स्वास्थ्य निःशुल्क र रोजगारीको उच्च प्रत्याभूति छ । नागरिकका लागि संविधानका लाइन होइन, शासकको दृष्टि र सोच महत्त्वपूर्ण कुरा हो । प्रत्यक्ष निर्वाचित कार्यकारीको पद्धतिमा संसद्को सार्वभौमिकता गुम्छ, निरंकुशताको सम्भावना हुन्छ भनेर अड्चन थाप्नेहरूले किन अमेरिका र रसियाजस्ता सफल एवं सक्षम मुलुकहरूको इतिहास बिर्सिएका छन् ? हिटलर, नेपोलियन बोनापाट अनि जुलियस सिजरजस्ता खराब पात्रहरूलाई मात्र उदाहरणमा प्रस्तुत गर्नेले सी जिङ फिङ, निकोलस सार्कोजी, बिल्ड्रो विल्सन, फ्यांकलिन डी रुजभेल्ट, दाइसिया पिङजस्ता नामहरूलाई किन सम्झँदैनन् ? प्रधानमन्त्री पद्धतिमा रहेका भारत तथा बेलायत दुवैले प्रगति र सभ्यतामाथि ठूलै बाजी मारेका छन् । ली क्वान, महाथिर विन महोमद, मार्गरेट थ्याचर जस्ता संसदीय प्रधानमन्त्रीको इतिहास स्वर्णिम छ । अमेरिकामा प्रजातान्त्रिक र चीनमा साम्यवादी प्रणाली छन् । गम्भीर मतभेद अनि बेमेलतासहित फरक विचार र सिद्धान्तमा आधरित ती राजनीतिक चेतनाबीच दुवै राष्ट्र सफलताको यात्रामा उत्तिकै अब्बल छन् । भारत गणतन्त्रमा र बेलायत राजतन्त्रमा छन् । परन्तु उनीहरूको विकास भएकै छ, प्रगति चुलिएकै छ, अग्रगमन निरन्तर छ । स्विडेन, जापान, युनाइटेड अरब इमिरेटस, कुवेत, डेनमार्कजस्ता राष्ट्रमा राजतन्त्र नै प्रिय छ । अमेरिका, भारत, चीन, फ्रान्समा गणतन्त्र उत्तिकै सफल छ । संसदीय पद्धति नै अवलम्बन गरेका इथियोपिया, लिबिया, इराक असफल रहे पनि क्यानडा, भारत, जापान, कुबेत, सिंगापुर, बेलायत, डेनमार्क, फिनल्यान्ड, जर्मनी सफलताका पर्याय छन् । अनि साइप्रस, अर्जेन्टिना, अमेरिकाले सर्वाधिकार सम्पन्न प्रत्यक्ष राष्ट्रपतिकै व्यवस्थाभित्र आफूलाई सबलीकरण गराए पनि अफगानिस्तान, कंगो, इन्डोनेसिया, नाइजेरिया, जिम्माबेजस्ता उदाहरणले राष्ट्रपति आलंकारिक मात्रै हुनुपर्ने तर्कलाई सघाउँछ । मुख्यतः नागरिकलाई व्यवस्थाको नाम र प्रणालीभन्दा व्यवस्थाले दिने काम महत्त्वपूर्ण सवाल हो । कहिलेकाही भर्खर संस्थागत हुँदै गरेको संघीयतालाई पनि देशको विकासको साधक वा बाधकको रूपमा व्याख्या गर्दै रमाउनेहरू छन् । कोही संघीयताले नै सबै बिग्रिरहेको, सर्वनाश हुन लागेको भनेर त्रास देखाउँछन् । अर्काथरी, संघीयता भएकै कारण आम उन्मुक्तिसाथ सम्पूर्ण आर्थिक सामाजिक, सास्कृतिक समस्याहरूको जादुमय निराकरणको आधार बनेको तर्क दिन्छन् । स्विटजरल्यान्ड संघीय छ, उसको विकास र सभ्यताको उचाइ अनि मानवको जीवनस्तर संसारमा सबैका लागि ईर्ष्यायोग्य र अनुकरणीय छ । युरोपकै अन्य केही मुलुक जस्तै इटाली, फ्रान्स एकात्मक र केन्द्रीय शासन व्यवस्थामा रहेर पनि अरूहरूको विकासलाई धावा बोली रहेछन् । हामी केवल संविधानलाई हरेक अपेक्षित तथा अनपेक्षित नतिजाको आधार सम्झँदै, यसको संशोधनलाई राजनीतिक हतियार बनाउछौं । संसारकै सबैभन्दा व्यवस्थित प्रजातान्त्रिक अभ्यास हुने र प्रजातन्त्रको जननी मानिने बेलायतसँग आजसम्म लिखित संविधान नहुँदा पनि ऊ अरू सबैका लागि अनुकरणीय हिसाबमा चलेकै छ । न्युजिल्यान्ड तथा इजरायलमा संविधान नभएका कारण विकासमा कुनै ब्रेक लागेको छैन । केवल धेरै मन्त्री र सांसदलाई तलबभत्ता दिनु परकैले देश डुबिहाल्ने बताउँदै केही पक्ष संघीयताको खारेजीको गीत गाउँदैछन् । यद्यपि त्यो धेरै संख्यमा भएका सबैले देशका लागि एकदमै उदाहरणीय अनि अनुकरणीय काम गरेमा देशले कति ठूलो सकारात्मक फड्को मार्छ भन्ने सोच हामीमा कहाँ हरायो ? सानो मुलुक भएकै कारण संघीयता अफापसिद्ध हुन्छ भन्ने हुँदैन । क्रमशः ९, १६, २६ र ७ संघहरू भएका अस्ट्रिया, पलाउ, स्विट्जरल्यान्ड र युनाइटेड अरब इमिरेटस पनि संघीयता भएका नेपालभन्दा साना देश हुन् । देशको प्रगतिमा राम्रो नीतिभन्दा राम्रा नेताहरू, तिनका राम्रा नियत अनि सबल सोचको भूमिका बढी हुन्छ । राजनीतिक दलहरूको नियत सफा भए जुनसुकै नीति अपनाए पनि देश समृद्ध बन्छ । नीतिलाई प्रयोग गर्नेहरू गलत नियतका सारथि भए जस्तोसुकै कल्पना र परीक्षण पनि अफापसिद्ध नै हुन्छ । त्यसैले नीतिमा भाँडभैलो गर्दै संविधान संशोधनको सौदाबाजी गर्नेभन्दा राजनीतिक पवित्रता अनि सफा नियत निर्माणमा चाहिँ दलीय बहसको बढी सरोकार हुनुपर्छ । संविधान र यसमा अंगीकार गरिएका नीतिलाई दोष दिनेहरूले पहिलो आफ्नो सोच र नियत परिवर्तन गर्नुपर्छ । सोच परिवर्तन गरेपछि देश आफैं परिवर्तन हुन्छ । आफूले सफल र युगान्तकारी काम गर्न नसकेपछि व्यवस्थालाई दोष लगाएर आफ्नो अक्षमता लुकाउन केही दिन सकिएला, सदैव चाहिँ सकिँदैन । नाच्न नजानेपछि आँगन टेडो भएको भनेर दोष लगाउँदा आत्मरति त निर्माण होला तर नागरिकमा आकर्षण चाहिँ निर्माण हुँदैन । *–अन्नपूर्ण*

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

चंखेली गाउँपालिका
हुम्ला

# कर्णालीमा हचुवामै कानून निर्माण गर्ने प्रवृत्तिले समस्या

नमस्ते समचारदाता

सुर्खेत, माघ/०७




प्रदेशमा कानून निर्माणको अभ्यास संघमा जस्तो फराकिलो तरिकाले हुन सकेको छैन । त्यसका विविध कारण छन् । कानून बनाउँदा जे-जति अभ्यास गरियो, त्यसमा पनि थुप्रै समस्या छन् । कर्णालीमा दल अनुसार फरक-फरक तरिकाले कानून निर्माणका गतिविधि हुने गरेको पाइन्छ । यो यात पूर्णतः गलत हो वा नियोजित हो । कानून निर्माण गर्दा कुनै व्यक्ति तथा समूहका स्वार्थ पनि हुन्छन् । सुरुमा कुनै दलको नेतृत्वले कुनै विषयमा कानून बनाउन आवश्यक ठानेर मस्यौदा तयार गरेको हुन्छ, बिचमै सरकार परिवर्तन भएको अवस्थामा अर्को सरकारले त्यसको अपनत्व नलिने प्रवृत्ति कर्णालीमा छ । उदाहरणका लागि प्रदेश सभाको पहिलो कार्यकालमा बनेका कतिपय कानून, कार्यविधि अहिले ओझेलमा परेका छन् । जसले गर्दा थुप्रै जनसरोकारका कार्यक्रम अलपत्र परिरहेका छन् । संविधानको मूल मर्म अनुसार कानून निर्माण गरिनुपर्छ । तर कर्णालीमा त्यस्तो भएको छैन । कानून निर्माणको गति पनि निकै सुस्त छ । कर्णाली प्रदेश सरकारका पूर्वकानूनमन्त्री कृष्ण बहादुर जिसी भन्छन्, 'अघिल्लो कार्यकालमा प्रदेश सभाको महत्व जसरी बुझेको थिएँ, सभाले गर्ने कामबारे जति बुझिएको थियो, यहाँ आउँदा त्यो देखिनँ । कानुन निर्माणका क्रममा सहभागी हुँदा जति हामी गतिशील हुनुपर्ने थियो, जति सोचेर, विचार-विमर्श गरेर अगाडि बढ्नुपर्ने हो, त्यो अनुसार नभएको मेरो बुझाइ छ । त्यसरी सोच्ने ठाउँ र वातावरण पनि मैले पाइनँ । उदाहरणका लागि हामीले केही समयअघि 'स्थानीय सेवा ऐन' बनायौँ । हामी सरकारको नेतृत्वमा रहेका बेला एउटा किसिमको ड्राफ्ट थियो, तर सरकार परिवर्तन हुने बित्तिकै त्यो पूर्ण रूपमा बदलिएर आयो । प्रदेश सभामा गहन रूपमा छलफल गर्नुपर्ने थुप्रै विषय भए पनि हचुवामै पारित भयो । अहिले यो ऐन माथि नै प्रश्न खडा भएका छन् ।' कुनै विषयमा कानुनको आवश्यकता छ, छैन ? त्यसको आवश्यकता बोध गर्नुपर्छ । त्यसमा सैद्धान्तिक सहमति लिनुपर्छ, ताकि यो कानून बनाउन निकै आवश्यक हुन्छ । तर कर्णालीमा त्यस्तो भएको पाइदैन । कुनै विषयमा कानुनको आवश्यकता छ, छैन ? त्यसको आवश्यकता बोध गर्नुपर्छ । त्यसमा सैद्धान्तिक सहमति लिनुपर्छ, ताकि यो कानून बनाउन निकै आवश्यक छ । त्यसमा आवश्यक विषय, सहमति चाहिन्छ । वित्तीय व्ययभारको हिसाबले पनि लिनुपर्छ । कानून निर्माण गर्दा कत्तिको भार पर्छ भन्ने विषयमा गहन अध्ययन हुनुपर्छ । तर हामीकहाँ कतिपय कानून हतार-हतारमा बनाइन्छन् । र, तिनले पछि ठुलो समस्या निम्त्याएको अवस्था पनि छ । पहिलाको सरकारले निकै महत्त्वाकाङ्क्षी मानेका र चर्चित कार्यक्रमका कार्यविधिहरू अहिले आर्थिक भार पर्ने देखियो भनेर रोकिएका छन् । यदि ती विषयमा पहिला नै गहन छलफल, विज्ञहरूको राय लिएको भए अहिले समस्या आउँदैनथ्यो । सायद उतिबेला नै तिनलाई रोक्न सकिन्थ्यो । तर त्यो बेला हचुवाका भरमा पर्याप्त छलफल नै नगरी पारित गरिए । कुनै पनि विधेयक मन्त्रिपरिषद्बाट पारित भई संसद्मा गइसकेपछि त्यहाँ त्यसको बारेमा सांसदहरूले विशेष ध्यान दिनुपर्ने हुन्छ । तर यहाँ साझा धारणाभन्दा पनि दलका आधारमा सांसदहरूले आफ्नो राय दिएको पाइन्छ । सभामा छलफल हुँदा कानून कति वैज्ञानिक छ वा छैन ? भन्ने कुरा छुट्ट्याउन सक्नुपर्छ तर, आफ्नो दल नेतृत्वको सरकारले ल्याएको जुनसुकै कुरा पनि राम्रै छ भनिदिने प्रवृत्ति छ । कुनै विवादित विषय भएको खण्डमा दलका नेताहरूबिच समझदारी गर्ने पनि प्रचलन छ । यो केन्द्रमा पनि छ । नेताहरूबिचको समझदारीबाट भन्दा पनि सरोकारवालासँगको छलफलबाट कानून बनाउनु प्रभावकारी हुन्छ । सबैभन्दा उत्तम भनेको जुन पक्षलाई मध्यनजर गरेर कानुन बनाउन थालिएको हो, त्यो पक्षसँग व्यापक छलफल, सुझावद्वारा नै एकीकृत गरेर परिपक्व बनाएको खण्डमा दीर्घकालीन रूपमा टिकाउ हुन्छ । कानुन भनेको राजनीतिक सहमतिको दस्तावेजीकरण पनि हो । तर यहाँ समीकरण बदलिनासाथ विषयहरू बदलिन्छन् । यो आफैँमा गलत अभ्यास हो । संस्थागत रूपमा बनेका डकुमेन्टहरूमा केही कमजोरी भए सुधार गर्ने हो तर मूल विषय नै बदल्दा राम्रो प्रभाव राख्दैन । स्वार्थ नमिलेपछि आवश्यक कानून पनि ओझेलमा पर्ने गर्दछ । जस्तोः प्रदेशको खेलकुद परिषद्को पदाधिकारी नियुक्त भएर पनि कार्यकाल सकियो । तर ०७६ सालमा बनेको कानूनले उनीहरूलाई गाइड गर्न सकेन । अहिले सामाजिक विकास मन्त्री रहेका घनश्याम भण्डारी यसअघि सामाजिक विकास समितिको सभापति थिए । तर उनले प्रदेश खेलकुद विकास ऐनको संशोधित विधेयक समितिबाटै टुङ्गो लगाउन सकेनन । त्यतिबेलाका सामाजिक विकासमन्त्री खड्ग पोखरेलले फिर्ता लिए । त्यसो गर्न हुन्थेन । किनकि मन्त्रिपरिषद्ले निर्णय गरेर प्रदेश सभामा गएको विधेयक एउटा मन्त्री गई निवेदनका आधारमा फिर्ता लिन पाउँदैन । त्रुटि भयो यहाँ । विधेयक दर्ता भयो, संशोधन परे, त्यसपछि सामाजिक विकास समितिमा छलफलका लागि पठाइयो । मन्त्रीले संशोधन उपर छलफल नगरेरै म फिर्ता लिइदिए । कर्णालीमा विधेयकमा यस्तो अपरिपक्व, मनोमानी अभ्यासले कानून निर्माण प्रक्रियाप्रति अविश्वास बढेको छ । त्यसरी निर्माण भएका कानूनहरू कार्यान्वयनमा जटिलता पनि आउँछन् । अहिले संसद् प्रभावकारी भएन भन्ने कुरा अहिले जताततै सुनिन्छ । प्रदेशको कामै छैन भन्ने आवाज ब्यापक हुँदै जानु प्रदेश संसदका यस्तै अपरिपक्क कामकारबाहीका कारणले नै हो ।

# छाउपडीप्रति स्थानीय सरकार उदासीन

नमस्ते समचारदाता

दैलेख, माघ/०७



जिल्लाको चामुण्डा बिन्द्रासैनी नगरपालिका-६ का २३ वर्षीय तुल्सी शाहीको २०७५ असार २२ गते छाउगोठमा बसेका बेला सर्पले टोकेर मृत्यु भयो । त्यसअघि जेठ ८ गते छाउगोठमा बसेकै बेला लालसरा विकको पनि सर्पले टोक्दा समयमै उपचार हुन नसकेपछि मृत्यु भएको थियो । छाउगोठमै बसेका बेला किशोरीको मृत्यु हुँदासमेत स्थानीय सरकारले प्रभावकारी कार्यक्रम सञ्चालन गर्न नसक्दा छाउपडी प्रथा न्यूनीकरणमा कमी आउन सकेको छैन । चामुण्डा बिन्द्रासैनी नगरपालिकाका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख माया कुमारी सिंह स्थानीय सरकारले छाउपडी प्रथाजस्ता कुसंस्कार हटाउन आवश्यक बजेट विनियोजन नगर्दा छाउपडी प्रथा न्यूनीकरणसम्बन्धी कार्यक्रम प्रभावकारी बनाउन नसकिएको बताउनुभयो । उहाँले नगर पालिकाले यो आर्थिक वर्षमा पाँच लाख रुपियाँ मात्र बजेट विनियोजन गरेको र त्यही बजेटभित्र रहेर महिला, बालबालिका, ज्येष्ठ नागरिक सम्बन्धी सबै कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "छाउपडी प्रथा न्यूनीकरणसम्बन्धी नौ वडामध्ये तीन स्थानमा महिलालाई सचेतना कार्यक्रम गरिएको हो । त्यहाँ लैङ्गिक हिंसा, बालविवाह, घरेलु हिंसासम्बन्धी छलफल गरिएको छ, छाउपडीसम्बन्धी भनेर छुट्टै कार्यक्रम भएन ।" यस्तै जिल्लाको आठबिस नगरपालिकाले समेत छाउपडी प्रथा उन्मूलनका लागि आवश्यक नीति तथा कार्यक्रम नै सञ्चालन गरेको छैन । छाउपडी प्रथा धेरै भएको पालिकामा समेत त्यसको न्यूनीकरणका लागि आवश्यक बजेट नहुँदा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको नगरपालिकामा कार्यरत कर्मचारीले बताएका छन् । आठबिस नगरपालिका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका शाखा प्रमुख रितु शाहीले स्थानीय सरकारले छाउप्रथा न्यूनीकरण तथा उन्मूलनका लागि आवश्यक नीति तथा कार्यक्रम सञ्चालन गर्न नसकेको बताउनुभयो । उहाँले आफ्नो शाखामा जम्मा दुई लाख १० हजार रुपियाँ बजेट विनियोजन भएको र त्यसैका आधारमा कार्यक्रम गर्नु परेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामी कार्यक्रम गर्न तयार रहे पनि आवश्यक बजेट नभएका कारण कार्यक्रम गर्न सकेनौँ भएको बजेटबाट सचेतनाका कार्यक्रम मात्र सञ्चालन गरेका छौँ ।" आठबिस नगरपालिकाका प्रमुख तर्क बहादुर बडुवालले नगरपालिकाले सचेतनाका कार्यक्रम मात्र सञ्चालन गरेको जानकारी दिनुभयो । उहाँले छाउप्रथा कुसंस्कार भनेर स्थानीय नागरिकलाई सचेतना जगाएको भन्दै सबैको घरमा गएर गोठ भत्काउन नसकिने र बजेट पनि पर्याप्त विनियोजन गर्न नसक्ने जनाउनुभयो । चामुण्डा बिन्द्रासैनी नगरपालिकाका उपप्रमुख मनिषा शर्माले विगतभन्दा छाउपडी प्रथा नगरपालिकामा कम भएको दाबी गर्नुभयो । उहाँले पहिले सबैका घरमा छाउगोठ भएको स्मरण गर्दै अहिले न्यून मात्रामा रहेको उल्लेख गर्नुभयो । नगरपालिकाले सामाजिक विकासतर्फका धेरै कार्यक्रम आयोजना गरे पनि प्रसारप्रचारमा आउन नसकेको उहाँको भनाइ छ । स्थानीय शासनविज्ञ दीपेश घिमिरेले स्थानीय सरकारले विकास भनेको पूर्वाधार निर्माणमा मात्र ध्यान दिँदा सामाजिक विकासका काम अलपत्र परेको बताउनुभयो । उहाँले जनप्रतिनिधिले नै छाउ बार्ने गरेको भन्दै यो समस्यामा कमी आउन नसकेको टिप्पणी गर्नुभयो । सङ्घीय सरकारले चार वर्षअघि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको अगुवाइमा देशका १९ जिल्लामा छाउगोठ भत्काउने अभियान सञ्चालन गरे पनि दैलेखमा अहिले पनि छाउगोठ कायमै रहेको छ । तत्कालीन समयमा छाउ बार्नेलाई सरकारी सेवासुविधा नदिने स्थानीय सरकारले निर्णय गरे पनि निर्वाचनका बेला आफ्नो पार्टीलाई मत कम आउने नाममा आफैँ लचिलो भएपछि छाउपडी प्रथा न्यूनीकरण हुन नसकेको नागरिक समाजका अगुवा बालकृष्ण प्याकुरेलले बताउनुभयो । स्थानीय तह पनि छाउपडी न्यूनीकरणमा गैरसरकारी संस्थाहरूको भरपर्ने गरेका छन् ।

# पञ्चवर्षीय योजना बनाउँदै वीरेन्द्रनगर

नमस्ते समचारदाता

सुर्खेत, माघ/०७




वीरेन्द्रनगर नगरपालिकाले पञ्चवर्षीय योजना निर्माण गर्न लागेको छ । कर्णाली प्रदेशको राजधानीसमेत रहेको वीरेन्द्रनगरले पूर्वाधार विकासलाई एकीकृत गर्ने गरी योजना निर्माण गर्न लागेको हो । विकास साझेदार सङ्घसंस्थासँग मिलेर पञ्चवर्षीय योजना निर्माण गर्न लागिएको नगरप्रमुख मोहनमाया ढकालले जानकारी दिनुभयो । अब बन्ने योजनाका विषयमा विभिन्न क्षेत्रसँग छलफल गरिने उहाँको भनाइ छ । पूर्वाधार विकास, स्वास्थ्य, कृषि, शिक्षा र ऊर्जालाई प्रमुख प्राथमिकतामा राखिने छ । योजना निर्माणका लागि विभिन्न चरणमा विभिन्न क्षेत्रका विज्ञसँग छलफल गरिने नगरपालिकाले जनाएको छ । नगरपालिकाका लागि बढ्दो जनसंख्या चुनौतीका रूपमा रहेको छ । अव्यवस्थित रूपमा धमाधम पूर्वाधार निर्माण भइरहेका छन् । जसले गर्दा नगरपालिकालाई व्यवस्थित सहर निर्माण गर्न सकस परेको हो । उत्पन्न हुनसक्ने जोखिमलाई नियन्त्रण गर्ने गरी पञ्चवर्षीय योजना निर्माण गर्न लागिएको नगरप्रमुख ढकालको भनाइ छ । योजनाबद्ध विकास निर्माणका लागि पञ्चवर्षीय योजनाको आवश्यकता अनुभूति भएको ढकालले बताउनुभयो ।



# वन्यजन्तुबाट प्रभावित राजपुरबासी क्षतिपूर्ति नपाएर हैरान

नमस्ते समचारदाता

बाँके, माघ/०७



बाँकेको राप्ती सोनारी गाउँपालिका-२, राजपुरका किसानहरु जंगली जनावरको आतंकले आर्थिक र मानसिक दुवै समस्या झेलिरहेका छन् । बाघ, बाँदर, निलगाई र बँदेलका कारण किसानका बाली र पशुचौपायामा ठूलो क्षति पुगेको छ तर समस्या समाधानका लागि प्रभावकारी पहल हुन नसकेको उनीहरूको गुनासो छ । स्थानीय खडक बहादुर ओली भन्छन्, "बाघले खोरबाटै बाख्रा तानेर लग्छ । समस्या लिएर गाउँपालिका र राष्ट्रिय निकुञ्जमा गयो भने कसैले सुन्दैन ।" उषा सुनारको अनुभव अझै मार्मिक छ, उनले भनिन, "मेरो बाख्रा खाइदिएको तीन वर्ष भयो । राहतका लागि निवेदन दिन निकुञ्ज जाँदा स्थायी लेखा नम्बर मागिन्छ । यस्तो झन्झटिलो प्रक्रियामा को जाने ?" यसैगरी, रामबहादुर रोकायले बाघले गाईका बाच्छा खाए पनि राहत लिने प्रक्रियाको झन्झट सुनेर निवेदन नै नदिएको बताउछन् । "हप्तौं पिच्छे बाघले पशुचौपाया तान्छ, तर कुनै सुनुवाई हुँदैन," उनले दुखेसो पोखे । छलफलमा सहभागी एकबहादुर खत्रीले भने, "राहतका लागि निवेदन दिएर फाइल अगाडि बढाउने खर्च राहतभन्दा बढी हुने भएकाले धेरैले आशा गुमाएका छन् ।" वनशक्ति सामुदायिक वन उपभोक्ता समितिकी सचिव शान्ति चन्दले भनिन, "क्षतिको राहत र बीमाबारे समुदायलाई जानकारी नै छैन । यसले समस्या अझै बढाएको छ ।" लोक बहादुर विश्वकर्माले निकुञ्ज र स्थानीय निकायबीच समन्वयको अभावले राहत प्रक्रिया झन् कठिन बनेको गुनासो गरे । राजपुरका किसानहरू माझ वन्यजन्तुबाट हुने क्षतिबाट समुदायले भोग्नुपरेको समस्याबारे छलफल गर्न र क्षतिपूर्ति प्राप्तिका उपाय खोज्न सोमबार आयोजित 'गोलघर सम्वाद' कार्यक्रमका सहभागिले यस्तो गुनासो गरेका हुन् । यो कार्यक्रम युएसएडको सहयोग र द एसिया फाउन्डेशन मुख्य कार्यान्वयन संस्था रहेको युएसएड नागरिक समाज तथा सञ्चार कार्यक्रमको साझेदारीमा नेपालगञ्ज स्थित समुदायका लागि सञ्चार अभियान नेपाल (सीसीएन) मार्फत् संचालित 'वातावरणीय न्याय र जवाफ देहिताका लागि सीमान्तकृत समुदायको सबलीकरण अभियान' अन्तर्गत गरिएको हो । कार्यक्रमको सहजीकरण गर्दै सहजकर्ता प्रकाश उपाध्यायले वन्यजन्तुबाट हुने क्षतिको राहत निर्देशिका २०८० र बीमा प्रक्रियाबारे जानकारी गराउँदै सामूहिक प्रयासमा जोड दिए । वन्यजन्तु र मानवबीचको द्वन्द्व न्यूनिकरण र क्षतिपूर्ति प्राप्तिका लागि सबै पक्षबीच साझा समन्वय बढाउन अभियान सुरु गरिएको सीसीएनका कार्यकारी निर्देशक तुला अधिकारीले बताए । कार्यक्रममा ५७ जनाको सहभागीता रहेको थियो ।

# वामदेव गौतम एमालेमा फर्किंदै

नमस्ते समचारदाता

काठमाडौं, माघ/०७



नेकपा एकता राष्ट्रिय अभियानका अध्यक्ष वामदेव गौतम नेकपा (एमाले) मा फर्कने भएका छन् । गौतमले सोमबार आफू एमालेमा जाने निश्चित भएको जानकारी गराएका हुन । गौतमले भने, 'हाम्रो तर्फबाट एमालेमा जाने निश्चित भइसकेको छ । भोलि उहाँहरूले एमाले सचिवालय बैठक बसेर निर्णय गर्नुहुन्छ । पर्सी निकोर्सितिर प्रवेशको वातावरण बन्ने छ ।' गौतमले आफू एमालेमा फर्कन एमाले अध्यक्ष केपी शर्मा ओलीसँग करिब दुई वर्षदेखि संवादमा रहेको पनि बताएका छन् । गौतमले भने, 'एमालेमा फर्किन दुई वर्षदेखि लागिरहेको थिएँ । पार्टी अध्यक्ष केपी शर्मा ओलीसँग संवाद जारी राखेको थिएँ । एकतामा ल्याउन मान्नुभएन । त्यसपछि एकीकृत समाजवादीमा प्रवेश गर्न छलफल गरियो । एकीकृत समाजवादीमा प्रवेश गर्न धेरै प्रयत्न गरियो । पछिल्लो पटक वातावरण बन्न सकेन ।' गौतमले एमालेमा फकर्ने कुरा भए पनि वरियताका सम्बन्धमा केही कुरा नभएको जानकारी गराएका छन् । गौतम भन्छन्, 'फेरि केही साथीले एमालेसँग जाने कुरा गर्नुभयो । वरियताको कुरा केही भएको छैन ।' गौतमले आफ्नो पार्टीका केही नेता छलफल गरेर नै नेकपा (माओवादी केन्द्र)मा प्रवेश गर्नुभएको समेत बताउन भ्याए । गौतमले भने, 'मसँग सल्लाह गरेर माओवादीमा जानुभएको हो । तपाईं एमालेमा जानुस् हामी माओवादीमा जान्छौं भन्नुभएको हो ।'

# स्थानीयको अवरोधपछि विद्युत लाइन विस्तारमा समस्या

नमस्ते समचारदाता

कालीकोट, माघ/०७



साबिकको कर्णालीका जिल्लामा विद्युत् आपुर्ति गर्न समस्या भएको छ । सदुरपश्चिमबाट कर्णालीका कालीकोट, जुम्ला मुगुका लागि आपुर्ति गर्ने भनेको विद्युत् लाइन विस्तारमा स्थानीयले अवरोध गरेपछि समस्या भएको हो । अछामको कमलबजार देखि दैलेखको साइखोलासम्म ९ किलोमिटर दूरीको ३३ केभी प्रसारण लाइन विस्तारमा स्थानीयले अवरोध गर्दा कर्णालीका तीन जिल्लाको विद्युत् विस्तार योजना केही ढिलो हुने भएको छ । अछामको पञ्चदेवल विनायक नगरपालिका ४ टोड्केसालका स्थानीयले आफ्नो खेतमा पोल गाडेर बिजुलीको लाइन तान्ने हो भने आफूहरूलाई बिजुली उपलब्ध गराउनुपर्ने माग राख्दै अवरोध गरेको बताएका छन् । आफ्नो घर खेत हुँदै लाइन लैजाँदा पनि बत्ती बाल्न नपाउने भएपछि काममा अवरोध गरिएको स्थानीय छत्रबहादुर विष्टले बताउनुभयो । "खेतबाट पोल गाडेर बिजुली लाइन लैजाने तर हामी नै अँध्यारोमा बस्नुपर्ने यस्तो अन्याय सहन सकिँदैन", बिस्टले भन्नुभयो, "हाम्रो गाउँलाई बत्ती नदिएसम्म लाइन तान्न दिँदैनौं ।" पञ्चदेवल विनायक नगरपालिका वडा नं ३ बेल्खेत सयन गाउँका ५३ र वडा नं ४ टोड्केसालका ९३ गरी १ सय ४६ घरधुरी अँध्यारोमा छन् । कमलबजार प्रसारण लाइनबाट बिजुली उपलब्ध गराउने आश्वासन एक वर्षदेखि पूरा नगरेकाले बाध्य भएर आफ्नो खेतबारीबाट कालीकोट जुम्ला जाने विद्युत् लाइन रोकेको स्थानीयको भनाइ छ । स्थानीयको अवरोधपछि विद्युत् वितरण केन्द्र कालीकोट, अछाम र दैलेखका प्रमुखसहितले टोड्केसाल र सयन गाउँलाई विद्युत् दिने प्रतिबद्धता भने गरेका छन् । कोहलपुर-सुर्खेत-दैलेख हुँदै कालीकोट, जुम्ला र मुगुसम्म पुगेको राष्ट्रिय प्रसारण लाइनको भोल्टेज नपुगेर विद्युतीकरण भएका कालीकोट, जुम्ला र मुगुका १९ हजार घरधुरी अँध्यारोमा बस्न बाध्य छन् । "बिजुली जडान भएको छ भन्ने मात्र छ । चाहिएका बेला बत्ती नै हुँदैन", कालीकोटको खाँडाचक्र नगरपालिका वडा नं ३ का तुलाराज पाण्डेले गुनासो गर्नुभयो । बेलुकी बिजुली आवश्यक पर्ने बेलामा भोल्टेज नपुगेर अँध्यारो हुने गरेको छ । बाँकेको कोहलपुरबाट सुर्खेत हुँदै दैलेखबाट आएको राष्ट्रिय प्रसारण लाइनको भोल्टेज कम भएकाले जाडो सिजनमा बत्ती नपुग्ने समस्या समाधान गर्न गत असार १२ मा कालीकोट वितरण केन्द्रले कमलबजार-साइखोला ९ किलोमिटरमा ३३ केभी प्रसारण लाइन विस्तारका लागि पुस १२ मा काम सक्ने गरी १ करोड ८८ लाखको टेन्डर गरी काम थालेको थियो । कालीकोट वितरण केन्द्र प्रमुख हरेन्द्रराय यादवले कमलबजार बाट साइखोलासम्मको ९ किमीमध्ये कर्णाली नदीपारिबाट करिब १ सय मिटर मात्र तार तान्न बाँकी रहेको अवस्थामा काममा स्थानीयले अवरोध गरेको जानकारी दिनुभयो । "त्यहाँका स्थानीयको पनि माग त जाहेज नै हो । केही समय पर्खिनुभन्दा पनि मान्नु भएन त्यसैले तत्कालन समस्या समाधान गर्न विद्युत् आपुर्ति गरिदिने योजनामा छौं", उहाँले भन्नुभयो । टोड्केसाल र बेल्खेतका बासिन्दालाई कालीकोट वितरण केन्द्रले बिजुली दिन नमिल्ने भएकाले अछामबाटै लाइन विस्तारको काम भइरहेको छ । उक्त गाउँमा विद्युतीकरण गर्न आफ्नातर्फबाट २५ वटा पोल पनि दिएको कालीकोट वितरण केन्द्रको भनाइ छ । कर्णालीको सुर्खेतमा बढी विद्युत् खपत हुने भएकाले हालको प्रसारण लाइनबाट भोल्टेज नपुगेर कालीकोट वितरण केन्द्रले डडेलधुराबाट अत्तरिया हुँदै कमलबजार आएको ३३ केभी लाइनबाट कालीकोट, जुम्ला हुँदै मुगुसम्म लाइन जानेछ । डडेलधुरा-अत्तरिया हुँदै चमेलिया जलविद्युतको १९ मेगावाट, बझाङ कलंगा खोलाको ६५ मेगावाट र अपी हाइड्रोको ५ मेगावाट लगायत करिब १०० मेगावाट विद्युत् आयात हुने गरेको छ ।


## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला



## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।



राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके



## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

नाम्खा गाउँपालिका
हुम्ला


नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके